**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालमा पाहिलो चरणामा १५२ विधानसभा सीटमा भोली बिान ७बजेदेखि बेलुकी ६ बजेसम्म मतदान गरिनेछ। दोस्रो चरणका लागि चुनव प्रचार चुलिएर गएको छ।

- भाजपाका वरिष्ठ नेता तथा केन्द्रिय गृहमंत्री अमित शाहले राज्यको सत्तामा भाजपाा आएको ६ महिनाभित्र गोरखाहरू सन्तुष्ट हुने घरी गोरखा समस्याको  स्थायी समाधान गरिने भन्नुभएको छ।

- तामिलनाडुको २३४ विधानसभा सीटामा एकै चरणमा भोली मतदान गराईनेछ।

- देशमा चलिरहेको जनगणना अहिलेसम्म २६ लाख भन्दा बढ़ीले स्व-गणनना गराई सकेका छन्।

- शीर्ष अदालतले टिएमसी नेतृत्व ममता ब्यानर्जी विरूद्धको ई.डी याचिका माथि आज सुनवाई गर्नेछ।

- हिजो खेलिएको आईपीएल मा सनराईजर्सले दिल्ली क्यापिटल्सलाई ४७ रनले हराएको छ।

**पश्चिम बंगाल - प्रथम चरण मतदान**

पश्चिम बङ्गालमा पहिलो चरणमा 16 जिल्लाका 152 सिटहरुको लागि भोलि मतदान हुँदैछ। हाम्रो संवाददाताले खबर दिएको छ कि यस चरणका लागि एक हजार चार सय अठहत्तर उम्मेदवारहरू चुनावी मैदानमा छन्। विधानसभा चुनावको दोस्रो चरणको मतदान 29 अप्रैलमा हुनेछ ।दोश्रो चरणको चुनाव प्रचारको लागि भाजपाका वरिष्ठ नेता तथा केंद्रीय गृहमंत्री अमित शाहले आज पार्टी उम्मीदवारहरुको समर्थनमा पश्चिम बंगालको धेरै स्थानमा चुनाव प्रचार गर्नु हुनेछ । उहाँले आज दिउसो उत्तर 24 परगनाको दमदम अनि हाबरा तथा हुगलीको सप्तग्राममा जनसभालाई संबोधन गर्नु हुनेछ अनि साझमा सोनारपुरमा रोड शोमा भाग लिनु हुनेछ ।

उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथ पनि आज चुनाव प्रचारको लागि पश्चिम बंगल पुग्नु हुनेछ । उहाँले हावड़ाको जोरासांको, चकदाहा अनि उदयनारायणपुरमा र्यालली गर्नु हुनेछ । असमका मुख्यमंत्री हिमंता बिस्वा सरमाले कलना अनि बोंगाँव दक्षिणमा जनसभाहरुलाई सम्बोधन गर्नुहुनेछ अनि साझमा बर्धमानमा रोड शो गर्नु हुनेछ ।

**तमिलनाड् विधानसभा चुनाव**

तमिलनाडुमा राज्यको सबै 234 विधानसभा सीटहरूमा भोली एकै चरणमा मतदान हुनेछ। हाम्रा संवाददाताले बताएका छन् कि राज्यमा 5 करोड़ 73 लाख 43 हजार भन्दा अधिक मतदाताहरूले मताधिकारको प्रयोग गर्न पाउने छन्।

**सुप्रीम कोर्ट – पश्चिम बंगाल मुख्यमंत्र**

सर्वोच्च अदालतले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जी विरुद्ध प्रवर्तन निर्देशनालयले दायर गरेको याचिकामाथि आज सुनुवाइ गर्ने  भएको छ । यो मुद्दा इन्डियन पोलिटिकल एक्सन कमिटी-आई-पीएसीमाथि छापा मारेको छ। यो सुनुवाइ मुख्यमन्त्रीले आई-पीएसीको परिसरमा ईडीको खोजी अभियानमा हस्तक्षेप गरेको आरोपसँग सम्बन्धित छ। यो मुद्दा ईडीले जनवरी ८ मा गरेको छापासँग सम्बन्धित छ, जुन कथित कोइला तस्करी घोटालासँग सम्बन्धित मनी लाउन्ड्रिंग अनुसन्धानको हिस्सा थियो।

**अमित शाह सिलगढी रैली**

पश्चिम बंगालमा भाजपा सत्तामा आए पछि छ महिना भित्र गोरखाको दीर्घकालिक माग पूरा गरिनेछ भनि पार्टीका बरिष्ठ नेता तथा केन्द्रीय गृहमंत्री अमित शाहले हिजो सुकनाको जनसभामा भन्नु भयो। उहाँले संविधानको दायरा भित्ररहेर पहाँडका सबैले मनपराउने खालको समाधान गरिने विश्वास व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो दार्जिलिंग पहाड़ तथा उत्तर बंगालको समतलसित ममता ब्यानर्जीको सरकारले विगत 15 वर्ष देखि अन्याय गरि रहेकोछ। उहाँले अझ भन्नु भयो - उत्तर बंगाल तथा गोरखाको न्याय केवल र केवल भाजपाले मात्र गर्न सक्ने बताउनु भयो। उहाँले पछिलो बिधानसभा चुनावमा उत्तर बंगालले भाजपालाई धेरै सिटहरूमा जिताएको थियो भन्दै यस पालि पनि धेरै सिटबाट जिताउने आह्वान गर्नु भयो। उहाँले यो पनि भन्नु भयो पछिल्लो बिधानसभा चुनावमा दक्षिण बंगालले आशा अनुरूप सिटहरू जिताउन सकेन् तर यस पालि दक्षिण बंगाल ममता दीदीको निर्मम सरकार,भ्रष्टाचार, सिन्डिकेट राज, हिन्सा, हत्या लूट नारी अत्याचारले त्रस्त छ र ममता सरकारसित मुक्ति पाउने संकल्प गरि सकिएकोछ। यसैले यस पालिको विधानसभा चुनावमा टीएमसी र ममता ब्यानर्जीको विदाई निश्चित छ भनि भन्नु भयो।

उहाँले भाजपा सत्तामा आएपछि चीया श्रमिकहरूको ज्याला, जमीनको समस्या, पहाडको समस्या, उत्तर बंगालको विकास जस्ता मुद्दाहरूको समाधानलाई उच्च प्राथमिकता दिइने बताउनु भयो। उहाँले युवाहरू अनि महिलाहरूको खातामा तीन हजार रूपियाँ मासिक, महिलाहरूलाई सरकारी बसमा फ्री यात्रा दिइने जस्ता कैयन वाचाहरू गर्नु भयो। आजको यस चुनावी रैलीमा दार्जिलिंग, खर्साङ्ग र कालेबुंग लगायत सिलगढी, मातिगाढा नक्सलबाड़ी फांसीदेवा विधानसभा क्षेत्रका उम्मेदवारहरू सहित गोजामुमो अध्यक्ष बिमल गुरूंग, गोरामुमो अध्यक्ष मन घिसिंग लगायत कैयन स्थानीय नेताहरू उपस्थित थिए। भाजपा सांसद राजु बिष्ट दार्जिलिंग जिल्ला पार्टी अध्यक्ष संजीव लामा आदि उपस्थित थिए।

श्री शाहले यो पनि भन्नु भयो भाजपा सत्तामा आएपछि राज्यमा युनिफर्म सिविल कोड- समान नागरिक संहिता लागु गरिनेछ। एसआईआर बारे बोल्दै राज्यका केहि सरकारी कर्मचारीहरूले गोरखाहरूको नाम मतदाता सूचिबाट काटेका छन्। भाजपा सत्तामा आए नाम काटिएकाहरूको नाम फेरी मतदाता सूचिमा सामेल गरिनेछ।

**जनगणना – स्व-गणना**

देशमा जनगणना 2027 को पहिलो चरण अवधि 26 लाख भन्दा अधिक परिवारहरुले स्व-गणना सुविधाको लाभ उठाएका छन् ।

रजिस्ट्रार जनरल अनुसार, यो डिजिटल जनगणनामा मानिसहरुको बढ्दो भागीदारीको संकेत हो । उहाँले भन्नु भयो ऑनलाइन जानकारी दिएर राष्ट्र निर्माणमा आफ्नो योगदान दिरहेका छन् ।

यो सुविधा हाल धेरै राज्यहरुमा जारी छन्, जबकि केहि राज्यहरुमा अनि केंद्र शासित प्रदेशहरुमा घर सूचीकरणको काम पनि शुरू भएको छ ।

जनगणनाको दोस्रो चरण, यानी जनसंख्या गणना, आगामी वर्ष फरवरीमा शुरू हुनेछ ।

*********